मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## माघ २२ गतेबाट बकैया कप फुटबल प्रतियोगिता

हेटौंडा, १७ माघ/बकैया कप फुटबल प्रतियोगिताको चौथो संस्करण यहि माघ २२ गतेबाट सुरु हुने भएको छ । गाउँपालिकाको १२ वटा वडाहरुको १२ वटा टिम सहभागिता रहने प्रतियोगिता माघ २२ गतेबाट सुरु हुने भएको हो । प्रतियोगिता बकैया-७ को भीरकोट खेल मैदानमा हुनेछ । प्रतियोगिताको उपाधि विजेता हुने टिमले १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता हुने टिमले नगद १ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने बकैया गाउँपालिका खेलकुद विकास समितिले जनाएको छ । यसैगरी, प्रतियोगितामा अनुशासित टिमलाई नगद १० हजार प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको फाइनल खेल २८ माघमा हुने बताइएको छ । बकैया कपको पहिलो संस्करणको उपाधि ४ नम्बर वडाले हात पारेको थियो भने दोस्रो र तेस्रो उपाधि क्रमश: ५ नम्बर वडा र ३ नम्बर वडाले हात पारेको थियो ।

# बढ्दै किशोरी आमाको संख्या

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ कानून अनुसार २० वर्ष नपुगी विवाह गर्न पाइँदैन । तर मकवानपुर जिल्लामा भने उमेर नपुग्दै विवाह गर्ने मात्र होइन सानै उमेरमा आमा बन्ने र गर्भपतन गर्न बाध्य हुने किशोरीको संख्या उल्लेख्य रहेको पाइएको छ ।

मकवानपुरमा २० वर्ष नपुगी आमा बन्नेको संख्या बढ्दै गइरहेको हेटौंडा अस्पतालको तथ्यांकले देखाएको हो । अस्पतालमा बाल विवाहका कारण किशोरीमै आमा हुनेको संख्या बढ्दै गएको छ । वर्षेनी २० वर्षमुनिका किशोरी प्रसूति हुन स्वास्थ्य संस्थामा आउनेको संख्या बढ्दो क्रममा रहेको जिल्ला अस्पतालको तथ्यांकले देखिएको छ । यस चालू वर्षको ६ महिनामा मात्रै एक सय ३७ जना किशोरी आमा बनेको अस्पतालको तथ्यांकमा उल्लेख छ ।

हेटौंडा अस्पतालको प्रसूति कक्षको तथ्यांकले २० वर्षमुनि आमा बन्नेहरूको संख्या बढी मात्रामा रहेको जनाएको छ । नेपालको कानुनले २० वर्ष नपुगी विवाह गर्न नपाइने भने पनि जिल्लामा २० वर्षमुनी आमा बन्नेहरू अत्यधिक मात्रामा रहेको उल्लेख गरिएको छ । चालु आर्थिक वर्षको पहिलो ६ महिनामा हेटौंडा अस्पतालमा मात्रै एक सय ३७ जना किशोरी आमा बनेका छन् ।

हेटौंडा अस्पतालमा औसत मासिक २३ जना किशोरी आमा बन्ने गरेको तथ्यांकले देखाएको छ । गत साउनमा २० जना, भदौमा ३० जना र अजोसमा १८ जना किशोरी आमा बनेका थिए । यस्तै, कात्तिकमा २० जना, मंसिरमा १८ जना र पुसमा ३१ जना किशोरी आमा बनेका हुन् ।

हेटौंडा अस्पतालबाहेक अन्य निजी अस्पताल, प्रसुती सेवा उपलब्ध हुने जिल्लाका अन्य सरकारी स्वास्थ्य संस्थाहरुको तथ्यांकमा २० वर्ष भन्दा कम उमेरका कति किशोरी आमा बने भन्ने तथ्यांक संकलन गर्ने प्रयास समेत कसैले गरेको देखिँदैन । जिल्लाभर किशोरी आमाको तथ्यांक संकलन गरी यसलाई समस्याको रुपमा पहिचान गरेर समस्या समाधानमा पनि ध्यान नपुग्नु चिन्ताको विषय हो ।

किशोरी आमाको विषयमा हेटौंडा अस्पतालको आसपासमै रहेको स्थानीय र प्रदेश सरकारको ध्यान जान सकेको छैन भने संघीय सरकारका नियकाको पनि चासो देखिएको छैन । गत कात्तिक महिनामा ३ सय ११ जना गर्भवतीले अस्पतालबाट प्रसुती सेवा लिएका थिए । यस्तै, मंसिर महिनामा महिनामा ३ सय १८ गर्भवती सुत्केरी भएका थिए । जसमा २ सय २० जना सामान्य अवस्थामा सुत्केरी हुँदा ८८ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नु परेको थियो । १० जना गर्भवतीको जटिल अवस्थाका सुत्केरी गराइएको थियो । हेटौंडा अस्पतालमा ५ जना विशेषज्ञ चिकित्सकले महिला तथा प्रसुती स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

यो त जिल्लामा सञ्चालित एक मात्र सरकारी अस्पतालको विवरण हो । जिल्लामा अधिकांश वडाहरुमा बर्थिङ सेन्टरहरू सञ्चालनमा रहेका छन् । ती बर्थिङ सेन्टरहरूको तथ्यांकलाई पनि हेर्ने हो भने २० वर्ष पूरा नगरी आमा बन्नेहरूको तथ्यांक भयावह रहेको अस्पतालले जनाएको छ । यसरी सानै उमेरमा आमा बन्नेको संख्या हेर्दा जिल्लामा बाल विवाह समस्याकै रुपमा रहेको देखिन्छ । तर हालसम्म जिल्लामा बालविवाहको उजुरी भने खासै आउने गरेको पाइएको छैन । अस्पतालको तथ्यांकका आधारमा जिल्लामा बालविवाह गर्नेको संख्या पनि ठूलो रहेको देखिएको छ ।

बालविवाह अन्त्यका लागि लामो समयदेखि जिल्लामा विभिन्न कार्यक्रम भइरहेका छन् । तर, पनि बालविवाहमा कमी आउन सकेको छैन । सरकारी तथा गैरसरकारी निकायबाट पनि बालविवाह विरुद्धका अभियान सञ्चालन भइरहेका छन् । बालविवाह विरुद्ध काम गर्ने संघसंस्थाले बालविवाह न्यूनीकरण भएको दाबी गरिरहे पनि अवस्था उस्तै रहेको अस्पतालको तथ्यांकबाट प्रष्ट हुन आउँछ । बालविवाह अन्यकै लागि भनेर विभिन्न संघसंस्थाले करोडौं रकम खर्चे पनि वाल विवाह समस्याका रुपमा अझै पनि रहेको छ । कम उमेरमा विवाह गरेर किशोरी आमा बन्नुमा अन्धविश्वास र सामाजिक परम्परा प्रमुख कारणका रुपमा देखिएको छ । सामाजिक संस्कार तथा मूल्य मान्यताका कारण यसमा प्रत्यक्ष असर परेको सरोकार वालाहरू बताउँछन् । यस्तो गलत संस्कारको अन्त्यका लागि जनचेतनाको आवश्यकता रहेको उहिरूको भनाइ छ ।

मकवानपुरको स्थानीय तहहरु धमाधम बालमैत्री घोषणा गर्ने अभियानमा छन् । केहि स्थानीय तहले आफूलाई बालमैत्री स्थानीय तह घोषणा गरिसकेका छन् भने केहि स्थानीय तह घोषणाको चरणमा छन् । बालमैत्री घोषणा गर्ने अभियानमा रहेका स्थानीय तहहरुको लागि समेत बालविवाह र किशोरी आमाको विषय चुनोतीपुर्ण छ । बागमती प्रदेशको राजधानी समेत रहेको हेटौंडा अस्पतालमा किशोर अवस्थामा आमा बन्नेहरुको बढ्दो संख्याले बालमैत्री घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगरपालिकालाई पनि चुनौती दिएको छ ।

उपमहानगरपालिकालाई आगामी मंसिरमा बालमैत्री घोषणा गर्ने तयारी गरिएको छ । यतिबेला उपमहानगरपालिकाले वडातहबाट बालमैत्री स्थानीय शासन लागू गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । तर, बढ्दो बालविवाह र किशोरी आमाले उपमहानगरलाई चुनौती दिइरहेको १ नम्वर वडाध्यक्ष समेत रहेका उपमहानगरका प्रवक्ता सविन न्यौपाने बताउँछन् । बालविवाह राख्दै किशोरी उमेरमा आमा बन्नेको संख्या शुन्यमा झार्न उपमहानरसँगै बालक्लव, टोल विकास र वडातहदेखी संघसस्थासँगै सिंगो समाज लाग्नुपर्ने उनको भनाई छ ।

# फुटबल एकेडेमी सञ्चालन गर्दै उपमहानगर

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ हेटौंडा उपमहानगरपालिकालाई फुटबल एकेडेमी सञ्चालन गर्ने बाटो खुलेको छ ।

कार्यपालिका बैठकले फुटवल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधी-२०७९ स्वीकृत गरेसँगै उपमहानगरपालिकालाई फुटबल एकेडेमी सञ्चालन गर्ने बाटो खुलेको हो । फुटबलका खेलाडी उत्पादनको लक्ष्य सहित एकेडेमी सञ्चालन गर्ने तयारी थालेको छ । फुटबलका लागि उर्वर भूमिको रुपमा रहेको हेटौंडाबाट नयाँ खेलाडी उत्पादनको लक्ष्यसहित खेलको विकास र प्रवर्द्धनका लागि उपमहानगरपालिकाले खेलाडी उत्पादनलाई प्राथमिकतामा राख्दै काम अघि बढाएको छ ।

कार्यविधी स्विकृतीसँगै नगरमा खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालनको बाटो खुलेको छ । स्थानीय तहबाटै खेलाडी उत्पादनलाई प्राथमिकता दिदै हेटौंडा उपमहानगरपालिकाको १३ औं कार्यपालिका बैठकले कार्यविधी स्विकृत गरेको हेटौंडा उपमहानगर पालिकाका नगर प्रमुख मिनाकुमारी लामाले बताइन् । कार्यविधी स्वीकृतीसँगै उपमहानगरपालिकामा आवासिय सुविधासहित खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालन गर्ने बाटो खुलेको छ ।

कार्यविधी अनुसार उपमहानगरको १९ वटै वडामा रहेका १२ देखि १४ वर्ष उमेर समुहका महिला तथा पुरुष खेलाडी मध्य अव्वललाई छनौंट गरी एकेडेमीमा राखेर खेल कौशललाई थप निखारता दिइने बताइएको छ । पारित कार्यविधी अनुसार उपमहानगर क्षेत्रका हरेक वडाबाट १/१ जना महिला तथा पुरुष र यसै क्षेत्रका अव्वल खेलाडी सहित ४५ जनालाई क्लोज क्याम्पमा राखेर नियमित प्रशिक्षण सहित आवास, खानपान, शिक्षा र स्वास्थ्य उपचार सुबिधा सहित एकेडेमी सञ्चालन गरीने उपमहानगरपालिकाका प्रवक्ता सविन न्यौपानेले बताए ।

एकेडेमीमानगरका ४५ जना महिला तथा पुरुष खेलाडीलाई आवासिय सुविधा सहित प्रशिक्षण गराउनका लागि उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० का लागि ७५ लाख रुपियाँ रकम विनियोजन गरेको छ । पारीत कार्यविधीअनुसार मकवानपुर जिल्ला फुटबल संघसँगको सहकार्यमा उपहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामा संरक्षक रहेको एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन र अनुगमन समितिले एकेडेमीको कामलाई निगरानी र सुधारका लागि निर्देशन दिनेछ ।

कार्यविधि पास भएसँगै अब जिल्ला फुटबल संघ मकवानपुर सँग फुटबल एकेडेमी सञ्चालनका लागि औपचारीक सम्झौताको काम अघि बढाउने तयारीमा उपमहानपालिका रहेको प्रवक्ता न्यौपानेले बताए । उनका अनुसार फुटवल खेलको उर्वर भूमिको रुपमा रहेको मकवानपुरमा सञ्चालन हुने एकेडेमीबाट उत्पादन हुने खेलाडीले राष्ट्रिय स्तरमा नाम कमाउन सक्ने विश्वास उपमहानगरले लिएको छ ।

जिल्लामा हुने दुई वटा राष्ट्रिय स्तरका प्रतियोगितामा समेत स्थानीय टोलिमा बाहिरका अव्वल मानिएका खेलाडि समावेस गराउन पर्ने बाध्यतालाई एकेडेमी सञ्चालन पछि समस्या टर्ने विश्वास उपमहानगर पालिकाले लिएको प्रवक्ता न्यौपानेको भनाई छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
कार वास भित्र/बाहिर
वाइरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## दाङका व्यवसायीलाई हेटौंडामा स्वागत



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/दाङ जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारी तथा व्यवसायीहरुलाई मंगलबार हेटौंडामा स्वागत गरिएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघले महोत्सव परिसरमा स्वागत गरेको हो । दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष टंक सिंह बुढाथोकीको नेतृत्वमा आएका टोलीलाई मउवा संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले हेटौंडामा स्वागत गरेका हुन् । औद्योगिक क्षेत्र भ्रमणको क्रममा हेटौंडा आउनु भएको उद्योगी व्यवसायीलाई संघले आयोजना गरेको महोत्सव परिसरको सचिवालयमा नै स्वागत तथा सम्मान गरिएको थियो । संघका अध्यक्ष कृष्ण कुमार गुप्ताले संघको गतिविधिबारे जानकारी दिएका थिए । त्यस्तै दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष बुढाथोकीले दाङ जिल्ला उवा संघको क्रियाकलाप बारे जानकारी गराएका थिए । दाङ जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष तथा पूर्व अध्यक्षसहितको टोलीले हेटौंडामा रहेको औद्योगिक क्षेत्रको अवलोकन भ्रमण गरेका छन् ।

# मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा ढकाल

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको प्रमुख राजनीतिक सल्लाहकारमा देवीप्रसाद ढकाल नियुक्त भएका छन् ।

मंगलबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री जम्मकट्टेलको प्रमुख राजनीतिक सल्लाहकारमा भक्तपुर निवासी ढकाललाई नियुक्त गर्ने निर्णय गरेको हो ।

ढकाल नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य हुन् । ढकाललाई प्रदेश राज्यमन्त्री सरह सेवा सुविधा रहनेगरी मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा नियुक्त गरिएको हो । उनले माओवादीको केन्द्रीय घोषणा पत्र लेखन समितिका सदस्य भएर काम गरिसकेका छन् । अर्थ तथा राजनीति क्षेत्रका जानकार ढकाल अर्थमन्त्री जनार्दन शर्माको प्रमुख स्वकीय सचिव भएर पनि काम गरेका थिए ।

प्रदेश सरकारको प्रवक्ता आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्रीको सल्लाहकार नियुक्त गर्ने निर्णय गरेको जानकारी दिए । मन्त्रिपरिषद् बैठक बस्न नसकेको भन्दै आलोचना भएपछि मंगलबार कुनै प्रस्ताव बिना नै बैठक बसेको बताइएको छ । बैठकमा सरकारको न्युनतम साझा कार्यक्रमको विषयमा पनि छलफल भएको भए पनि निर्णय भएन भएन।

आजको कलाकारहरु
राष्ट्रिय औद्योगिक व्यापार महोत्सव २०७९
२०७९ माघ ११ देखि २३ गतेसम्म स्थान: टिसिएन चौर, हेटौंडा-१० बिहान १०:०० बजेदेखि साँझ ७:०० बजेसम्म
महोत्सव अवलोकन गर्नु भई मौकाको फाइदा उठाउनुहोस्
सम्पर्कको लागि: ०५७-५२०३१० ५२३३१० ९८५५०७०११०
महोत्सवका आकर्षणहरु:
- ३०० भन्दा बढी स्टलबाट विभिन्न वस्तु तथा सेवाको प्रदर्शनी
- झाँकीसहितको बृहत शोभा यात्रा
- राष्ट्रिय/अन्तर्राष्ट्रिय उत्पादन/सेवाहरुको बृहत व्यापार मेला
- कृषि प्रदर्शनी, स्थानीय मौलिक वस्तुहरुको प्रदर्शनी
- पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरु
- शैक्षिक, घर जग्गा, अटो, खाना तथा साँस्कृतिक मेला
- आई.टी.(सूचना प्रविधि), मोबाइल तथा कम्प्युटर
- हस्तकला प्रदर्शनी
- स्थानीय तथा राष्ट्रिय कलाकारहरुद्वारा मनोरञ्जनात्मक साँस्कृतिक कार्यक्रम
- नि:शुल्क मोबाइल सर्भिसिङ
विशेष आकर्षणहरु:
- दैनिक नि:शुल्क स्वास्थ्य शिविर
- हेटौंडा आइडल गायन प्रतियोगिता
- हेटौंडा डान्सिङ स्टार प्रतियोगिता
- मनोरञ्जनात्मक बाल उद्यान
"सहभागी बनौं ! सफल पारौं !!"
सह-प्रायोजक: युनिलिभर नेपाल लि. नेपाल ब्रुअरीज लक्ष्मी ग्रुप ताहयोगी त्रिवेणी ग्रुप
मिडिया पार्टनर: कारोबार
इन्टरनेट पार्टनर: FIBERNET
लोगो प्रायोजक: डिसहोम फाइवरनेट नेपाल इकरात इन्जिनियरिङ्ग कम्पनी प्रा.लि., हेटौंडा राष्ट्रिय वाणिज्य बैंक हेटौंडा शाखा
टिकट प्रायोजक: Mahalaxmi Bikas Bank Ltd शौर्य सिमेन्ट इण्डस्ट्रिज लि. रिद्धिसिद्धी सिमेन्ट लि.
सह-आयोजकहरु: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालय, बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश हेटौंडा उपमहानगरपालिका
मुख्य आयोजक: मकवानपुर उद्योग वाणिज्य संघ
प्रायोजक: शुभारम्भ_शिवम्सँग शिवम् सिमेन्ट असली OPC सिमेन्ट SINCE 2003 सिमेन्ट जगतमै पहिलो पटक NS QUALITY AWARD-2019 प्रथमद्वारा पुरस्कृत

साझाकुरा

## हाम्रो कुरा

# सुधार केन्द्रमा साँच्चैको सुधारात्मक कार्य

लागू औषध दुर्व्यसनमा परेका युवाहरुलाई सुधार गर्नको लागि सुधार केन्द्रहरुमा राख्ने गरिन्छ । ती सुधार केन्द्रमा राखेर कुलतमा फसेका युवाहरुलाई कुलतबाट छुटाउने प्रयास गरिन्छ । तर, अधिकांश युवाहरु पुन: लागू औषधको कुलतमै फर्कने गरेको विगत हामीमाझ छिपेको छैन । अधिकांश युवाहरु अन्जानमा कुलतमा फसेका हुन्छन् । त्यस्ता युवाहरु कतिपय सुधार केन्द्रमा बसेर सुध्रिएका पनि छन् । तर, धेरै युवाहरु सुधार केन्द्रबाट फर्केर बेरोजगारीसंगै आर्थिक अभाव भएपछि पुन: कुलतमा फसेका हुन्छन् । लागू औषध कुलतमा फसेर सुधार केन्द्रमा राखिएका युवाहरुलाई सुधारपछि पुन: कुलतमा फस्नु नपरोस् भन्ने उद्देश्यले सीपमूलक विद्युत् जडानसम्बन्धी तालिम दिन सुरु गरिएको छ । हेटौंडा उपमहानगरपालिकाको आर्थिक सहयोगमा व्यावसायिक तथा सीप विकास तालिम केन्द्र र मकवानपुर रिकभरिङ समूहले सुधार केन्द्रमा रहेका युवाहरुलाई विद्युत् जडानसम्बन्धी तालिम सञ्चालन गर्नु आफैंमा उदाहरणीय कार्य हो ।

सुधार केन्द्रमा बसेर घर फर्कने क्रममा हातमा सीप बोकेर निस्किँदा तत्काल आफ्नो सीपअनुसार रोजगार गर्न पाउने र लगानी गरेर व्यवसाय पनि गर्न पाउने हुँदा तालिम आफैंमा फलदायी हुने आशा गर्न सकिन्छ । यसमा हेटौंडा उपमहानगर पालिका धन्यवादको पात्र छ । नेपालमा तालिम लिनेको संख्या गणना गर्ने हो भने कूल जनसंख्याभन्दा बढी भइसक्यो होला । तर, तालिम लिएर सदुपयोग नगर्ने हुँदा सरकारले तालिमको नाममा खर्चेको अर्बौं रुपियाँ बालुवामा पानी सावित भएको छ । तर, सुधार केन्द्रमा रहेका युवाहरु दैनिक रुपमा तालिममा हाजिर हुने, केन्द्रमा बस्दा पट्यार लाग्दो समय बिताउन सहज हुने, लागू औषधको तलतल पनि मेटिने, हातमा सीप भएपछि भविष्यमा केही गर्न सक्छु भन्ने आत्मबल पनि बढ्ने हुँदा केन्द्रमा दिइएको तालिम यसअघि हलमा जम्मा गरेर दिइने तालिमभन्दा प्रभावकारी हुने पक्का छ ।

स्थानीय सरकारले रिकभरिङ समूहको अनुरोधलाई स्वीकार गरेर तालिममा खर्च गरेको छ । प्रशिक्षकहरु खटेका छन् । सीप विकास तालिम केन्द्रले आवश्यक उपकरणसहित प्रशिक्षक खटाएको छ । आवासीय व्यवस्था केन्द्रले उपलब्ध गराएको छ । त्यसैले सबै तालिममा सहभागी युवाहरुले आफूलाई भविष्यमा एक कुशल विद्युत् जडानसम्बन्धी काम गर्ने व्यक्तिको रुपमा चिनाउन सके सबैले गरेको मेहनत फलदायी हुने थियो । यसमा सहभागी युवाहरु इमान्दार भएर सीप सिक्नु अपरिहार्य छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ १९ गते बिहीबार २ फेब्रुअरी २०२३ । द्वादशी माघ शुक्लपक्ष। सिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:५२, सूर्यास्त ५:४४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तको सहयोग मिल्नेछ | **तुला** | : नयाँ काम गर्न जागर आउनेछ |
| **वृष** | : यात्राको लागि राम्रो समय छ | **वृश्चिक** | : बोल्दा विचार पुऱ्याउनु पर्नेछ |
| **मिथुन** | : सोचेजस्तो सहयोग मिल्नेछैन | **धनु** | : पढाइमा सहयोग मिल्नेछ |
| **कर्कट** | : समय पूजापाठमा बित्नेछ | **मकर** | : रिसाउने बानीले हानि पुग्नेछ |
| **सिंह** | : व्यापारबाट फाइदा हुनेछ | **कुम्भ** | : सामाजिक काममा रुचि बढ्नेछ |
| **कन्या** | : मन प्रशन्न हुने देखिन्छ | **मीन** | : यात्रामा कष्ट मिल्नेछ |

# युवामैत्री सरकारका अवसर र चुनौती



✍ विष्णुहरि त्रिपाठी

स्वास्थ्य मन्त्रीको जिम्मेवारी पाएपछि पदम गिरी शपथ र पदभार ग्रहणको औपचारिकतापछि सीधै कान्ति बाल अस्पतालको निरीक्षणमा निस्किए । तुरुन्तै सामाजिक सञ्जालहरूमा कान्ति बाल अस्पतालको भौतिक दुरवस्थाको दयनीय तस्बिर छरपस्ट भयो । अस्तव्यस्त बेडहरू, बिरामीको चाप, झन्झटिलो टिकट काट्ने लाइन, शौचालयको दयनीय अवस्था देखियो । नदेखिने तर बिरामी र आफन्तले व्यहोर्नुपर्ने दु:ख र झन्झट त कति छन् कति ! नियुक्ति भएकै दिन स्वास्थ्य मन्त्रीको निरीक्षण र तत्काल सुधार गर्न १० दिनको अस्पताल नेतृत्वलाई 'अल्टिमेटम' एउटा प्रतिनिधिमूलक घटना हो । विगतका अधिकांश स्वास्थ्य मन्त्रीको कर्मकाण्डी कुनै विषयमा निर्णय गरेर कार्यकाल सुरु गर्ने परम्परा तोड्दै नयाँ ढंगबाट अगाडि बढ्ने जनाउ दिए, यसले युवा नेतृत्वको आवश्यकता र औचित्यलाई पुष्टि गरेको छ ।

नयाँ मन्त्रिपरिषदमा अधिकांश युवा अनुहार देखापरेका छन्, जुन हामी सबै युवाका लागि सुखद खबर हो । प्रधानमन्त्री दाहालको मन्त्रिपरिषदमा अधिकांश नयाँ अनुहार समेटिएका छन् । राजनीतिमा स्थापित भए पनि अवसर नपाएका नयाँ र युवालाई मन्त्रिपरिषदमा समेटेर प्रधानमन्त्रीले सकारात्मक सुरुवात गरेका हुन् ।

४० प्रतिशतभन्दा बढी युवा उमेर समूह रहेको नेपालमा नेतृत्व तहमा युवालाई अत्यधिक कम अवसर दिइन्थ्यो । अहिलेको नयाँ मन्त्रिपरिषदले त्यसलाई खारेज गरेको छ । तर अब जिम्मेवारी पाएका युवा अनुहारका अगाडि धेरै चुनौती र अवसर एकसाथ आएको छ । देशको गिर्दो आर्थिक अवस्था, अस्पष्ट राजनीतिक अवस्था, आकलन गरिएको विश्वव्यापी आर्थिक मन्दी, जनताको गिर्दो आशा र अपेक्षाबीच धेरै अवरोध पन्छाएर अगाडि बढ्नुपर्ने देखिन्छ ।

१०३ वर्षको जहानियाँ राणाशासनको अन्त्यपछि २००७ सालमा प्राप्त भएको प्रजातन्त्र जब २०१७ सालमा राजा महेन्द्रले अपहरण गरे, देश फेरि ३० वर्षसम्म एकतन्त्रीय शासन व्यवस्थामा फस्यो । २०४६ सालको प्रजातन्त्र पुनर्प्राप्तिपछि देशको राजनीतिक अवस्था स्थिरतातर्फ जाने जुन अपेक्षा थियो, तत्कालीन राजा ज्ञानेन्द्रको माघ १९ को घटनाले २४० वर्ष लामो इतिहास भएको राजतन्त्र नै नरहने गरी २०६२/६३ को जनआन्दोलनले उखेलेर फालिदियो । युद्धबाट आएको माओवादीको समेत सहभागितामा भएको दोस्रो संविधानसभा मार्फत २०७२ मा जारी भएको संविधान मार्फत देश संघीयतामा गयो । जनताका अधिकार संविधानमा लिपिबद्ध भएर देश राजनीतिक स्थिरतातर्फ अगाडि बढ्यो ।

देश राजनीतिक स्थिरतातर्फ त अगाडि बढ्यो तर व्यवस्था बदलिए पनि अवस्था जहाँको त्यहीं रह्यो । आज हामी देख्न सक्छौं- पासपोर्ट, लाइसेन्स लिन लागेका लामा-लामा लाइन, एयर पोर्टमा देखिने झुत्राझात्री लुगामा विदेशिन लागेका युवाहरूका लाइन, कुशासनयुक्त राज्यका सेवाग्राही निकाय, टेन्डर भएर सुरुवात नभएका बाटोघाटो, पुल आदि अनगिन्ती विकराल समस्या छन् । देश सुशासन, विकास र समृद्धिको भोकले तिर्खाएको छ । सुशासन, विकास र समृद्धिको पहिलो शर्त भनेको राजनीतिक स्थिरता हो । राजनीतिक स्थिरताका लागि निर्वाचन मार्फत कुनै एक राजनीतिक पार्टीको स्पष्ट बहुमत आवश्यक हुन्छ जुन अहिले छैन । कुनै एउटा पार्टीको स्पष्ट बहुमत मार्फत पाँच वर्ष सरकार संचालन गरेर स्पष्ट रोडम्याप तयार गरेर देश सुशासन, विकास र समृद्धितर्फ अगाडि बढोस् भन्ने हरेक नागरिकको चाहना र माग रहेको छ । तर नेपालको संविधानमा समावेशिताको जुन प्रयोग गरिएको छ, कुनै राजनीतिक पार्टीले स्पष्ट बहुमत ल्याउने अहिलेको संवैधानिक व्यवस्था अनुरूप सम्भव देखिने अवस्था छैन ।

मिलीजुली सरकार निर्माण नै एक मात्र विकल्प रहेको अहिलेको अवस्थामा नयाँ समीकरणमा बनेको नयाँ सरकारमा देखिएका युवा अनुहारप्रति जनतामा केही विश्वास र आशा जागेको देखिन्छ । सुशासन, विकास र समृद्धिको सुरुवाती चरणमा रहेको अहिलेको अवस्थामा देश युवामैत्री जनसांख्यिक अवस्थामा रहेको छ, जुन अबको ८-१० वर्ष मात्र रहने अवस्था छ । अबको ३० वर्षपछि त झन् आजको जापान बन्नेछ, बुढाबुढीहरूको देश । संसारमा आजका विकसित देशहरू त्यही अनुकूल युवा मैत्री जनसांख्यिक अवस्थामा देशको विकास र समृद्धिमा फड्को मार्न सफल भएका थिए । सन् १९९३ पछि जब जापान युवामैत्रीबाट बुढ्यौलीतर्फ अगाडि बढ्यो, आज जापान धेरै बुढाबुढी हुने देशमा पर्छ भने हरेक वर्ष ३ लाख युवा विदेशबाट बोलाउनुपर्ने अवस्था छ । जहाँ नेपाली युवा पनि हजारौंको संख्यामा हरेक वर्ष गइरहेका छन् ।

सन् २०१५ पछि विश्व चौथो औद्योगिक क्रान्तितर्फ अगाडि बढेको छ । अबको औद्योगिक विकास भनेको आर्टिफिसियल इन्टेलिजेन्टको माध्यमबाट मानिसको श्रम शक्ति विनाको उत्पादन बढाउनु हो । यसबाट बेरोजगार दर तीव्र गतिमा बढ्ने देखिन्छ । यो आगामी नेपालको लागि युवा मैत्री जनसंख्याको प्रमुख चुनौती हो । पछिल्लो पाँच महिनाको अवधिमा २८ अर्ब रुपैयाँ विदेश अध्ययनमा जाने युवा मार्फत विदेशिएको छ । १०+२ पास गरेपछि अध्ययनको नाममा ठूलै युवा दक्ष जनशक्ति विदेशिने गरेका छन् भने हरेक दिन करिब १५०० युवा रोजगारीका सिलसिलामा खाडी देशमा विदेशिइरहेका छन् । ती युवाहरूलाई स्वदेशमै टिक्न सक्ने अवस्थाको सृजना गर्नु पनि अहिलेको प्रमुख चुनौती हो ।

हरेक वर्ष ५-६ लाख युवा नेपाली श्रम बजारमा आउँछन् तर अधिकांश रोजगारको अभावमा विदेशिनुपर्ने बाध्यतामा छन् । अहिले करिब ५० लाख युवा विदेशी भूमिमा काम गर्न बाध्य छन् । देशको अर्थतन्त्रको चक्र नै रेमिटेन्समुखी बनेको छ । देशको जीडीपीको २३-२४ प्रतिशत रहेको रेमिटेन्सका माध्यमबाट विदेशी मुद्रा आर्जन त भएको छ, तर उक्त रकम अनुत्पादक क्षेत्रमा लगानी हुँदा देश परनिर्भरतातर्फ धकेलिएको छ । डरलाग्दो ढङ्गबाट आयात बढेको छ । विदेशी मुद्रा संचय नै ओरालो लाग्दा गाडी लगायतका विलासी वस्तुहरूको आयात रोक्नुपर्ने अवस्था छ । कृषि प्रधान देशको कुल गार्हस्थ्य उत्पादनमा पनि कृषिको २६-२७ प्रतिशतको योगदान छ । तर आयातको करिब १८ खर्बमा ६ खर्ब जति कृषिजन्य वस्तुहरूको आयात भइरहेको छ, सबैभन्दा चिन्ताजनक विषय यो हो ।

यता युवा बेरोजगार, जग्गाजमिन बाझो, उता डरलाग्दो ढंगबाट कृषिजन्य वस्तुहरूको आयात यो विषयमा सरकारले आफ्नो भूमिका खेल्न नसकेको प्रष्ट हुन्छ । सरकारले कृषि क्षेत्रको विकासका नाममा योजना र परियोजना नबनाएको र अनुदान नदिएको होइन तर यसको कार्यान्वयन र परिचालन गर्न असफल बनिरहेको छ । यसबाट पाठ सिक्दै नयाँ ढंगबाट कृषिको विकासलाई अगाडि बढाउनुपर्ने चुनौती छ । उत्पादकत्व वृद्धि र रोजगारको सृजना कृषिबाट गर्न सकिने र ठूलो युवा जनशक्ति परिचालन गर्न सरकार चुक्नुहुँदैन ।

युवा रोजगारी र विदेशी मुद्रा आर्जनको अर्को प्रमुख क्षेत्र पर्यटन हो । पर्यटन पूर्वाधारको तीव्र विकास र प्रचारप्रसारबाट विदेशी पर्यटक आगमन बढाउन सके देशको विकास र समृद्धिमा छलाङ मार्न सक्ने देखिन्छ । केही प्रयास भएका छन् । लुम्बिनी र पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आइसकेको छ, जसका माध्यमबाट विदेशी पर्यटकहरू सहज रूपमा नेपाल आउन सक्ने अवस्था छ । सन् २०२० लाई नेपाल भ्रमण वर्षको रूपमा मनाउँदै २० लाख पर्यटक भित्र्याउने पहल भएको थियो, तर कोभिड महाव्याधिका कारण उक्त प्रयास सफल हुन सकेन । आज थाइल्याण्डले वर्षको ४ करोड पर्यटक भित्र्याइरहँदा हामी १० लाख पर्यटक पनि भित्र्याउन सकिरहेका छैनौं । सगरमाथा र बुद्धको देश, प्राकृतिक सुन्दरताले भरिपूर्ण देश, हिम शृङ्खलाहरूको मनोरम स्थल नेपालमा किन पर्यटनको विकास हुनसकिरहेको छैन ? समस्या र यसको निराकरणमा नयाँ युवामैत्री सरकारले ध्यान दिनु आवश्यक छ ।

युवालाई रोजगारी र विदेशी मुद्रा आर्जन गर्न अर्को प्रचुर सम्भावना भएको क्षेत्र आईटी देखा परेको छ । अपत्यारिलो ढङ्गबाट हजारौं युवा अनौपचारिक तवरले यस क्षेत्रमा आबद्ध छन् । सरकारले आईटीमैत्री ऐन, कानुन निर्माण गरेर विदेशी मुद्रा आर्जन गर्न सहज र सरल हुने खालका योजनामार्फत लाखौं युवालाई प्रोत्साहन गर्दै रोजगारीको सृजना गर्नुपर्ने देखिन्छ । युवामा सीप, क्षमता र योजना भएर पनि लगानीको अभावमा उत्पादनमूलक रोजगारमुखी कार्यहरू गर्न अवरोध सृजना भएको छ । सरकारले सर्टिफिकेट राखेर विना धितो लगानी जुटाउने, प्रोजेक्ट छानेर लोन दिने प्रावधान त ल्यायो तर यसको सही तरिकाले युवा लक्षित कार्यक्रम दिन सकिरहेको छैन । यसतर्फ पनि सरकारको ध्यान जानु आवश्यक छ ।

समय घर्किसकेको छ । अहिलेको युवामैत्री जनसांख्यिक लाभ लिएर देशलाई सुशासनयुक्त बनाउँदै विकास र समृद्धितर्फ देशलाई अगाडि बढाउन सबै राजनीतिक दलहरूले यसैलाई राजनीतिक एजेन्डा बनाएर अगाडि बढ्नुपर्छ । लेखक राष्ट्रिय युवा संघका पूर्वसचिव हुन् ।साभार: अनलाइनखबर

# लथालिङ्ग भएको कम्युनिस्ट आन्दोलन र वर्तमान सरकार

✍ नरनाथ पाण्डे

वि.सं. २००४ सालमा पुष्पलालले स्थापना गरेको नेकपाले अनेक आरोहअवरोह पार गर्दै हाल अनगन्ती चिरामा विभक्त भई बहुरूप प्रदर्शन गरिरहेको अवस्था छ । धेरै पुराना कुरा छाडेर नयाँ कुरा गर्ने हो भने पनि नेकपाको पछिल्लो एकीकरण र फुटपछिकै कुरा जोड्दा उपयुक्त होला ।

कुनैबेला माओवादी केन्द्र र एमाले मिलेर बनेको ऐतिहासिक शक्ति तत्कालीन नेकपालाई सर्वोच्च अदालतको फैसलाले पुरानै अवस्थामा फर्काइदिएपछि नेपालमा कम्युनिस्टहरूको पतनको सुरुवाती लक्षणसँगै नयाँ राजनीतिक तरङ्गसमेत देखापरेको अवस्था छ । नेकपाबाट माओवादी र एमाले अलग अलग हुनु महत्वपूर्ण देशीविदेशी शक्तिका कारण हो भन्नेमा कुनै शंका छैन । त्यतिबेला परिस्थिति कति परिवर्तन भयो भने पार्टीका दुई व्यक्ति प्रचण्ड र ओलीको जुँगाको लडाइँ र एकले अर्कोको अस्तित्व स्वीकार गर्न नसक्ने परिस्थितिले गर्दा नै पार्टी फुटेको हो, अरूलाई दोष दिनु ठीक छैन भन्नेहरू पनि छन् ।

त्यति मात्र नभई एमाले पार्टीभित्रका माधव-झलनाथको समूह र ओलीको समूहबीच पनि ऐतिहासिक चर्काचर्की भएर एमालेबाट अलग भई एकीकृत समाजवादी (एस) पार्टी अध्यादेशको बलमा भए पनि गठन भएरै छाड्यो । यो अवस्थालाई सूक्ष्म ढङ्गले नियाल्ने हो भने यी दुई पार्टीबीच कसैसँग पनि वैचारिक र सैद्धान्तिक मतभेद पाइँदैन, केवल व्यक्तिगत बदलाको भाव प्रस्ट झल्किन्छ । यही अवधिमा स्थानीय, प्रदेश तथा संघीय सभाको चुनाव पनि भयो र सबैको आआफ्नो हैसियत पनि प्रदर्शन भइसकेको अवस्था छ । परिणाम स्वरूप एमाले दोस्रो ठूलो दलका रूपमा खुम्चियो भने एस पार्टीले त राष्ट्रिय दलको पहिचानसमेत पाउन सकेन । अब त यी दुई पार्टी अवश्य मिल्लान् भन्ने धेरैलाई लागेको हुनसक्छ तर यो पार्टी एकीकरण भइहाल्ला भन्ने अवस्था पनि देखिँदैन । एमाले पार्टीका सर्वशक्तिमान नेता ओली अझै पनि टसमस भएका छैनन् र आफूले त्यतिबेला संसद् विघटन गर्नु उपयुक्त नै थियो भन्नेमा उनी दृढ छन् ।

यी कारणले बाहिर चर्चा परिचर्चा जे भए पनि अझै पनि नेपालका कम्युनिस्ट पार्टीमा एकीकरणको सम्भावना न्यून रहेको देखिन्छ । यो समसामयिक विषयवस्तुपछि यस आलेखमा पछिल्लो चरणको नेपालको कम्युनिस्ट आन्दोलन र अहिलेको परिवर्तित अवस्थाबारे परिचर्चा गरिने छ ।

### दुई कम्युनिस्ट पार्टीको एकीकरणले बनेको सरकारको इतिहास

जनताले तत्कालीन एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर बनेको पार्टी नेकपाका नेताहरूका विकासप्रेमी नाराका आधारमा भोट दिएर दुई तिहाइ बहुमत पुऱ्याई कम्युनिस्ट सरकारलाई एक पटक परीक्षणका लागि सत्तामा पुऱ्याएका थिए । तर जनचाहनाअनुसारका कुनै पनि काम गर्न नसकेको उक्त सरकारले पार्टीको आन्तरिक विवादमा रुमल्लिएरै तीन वर्ष व्यतित गरेको विगत जिउँदै छ । यो उदाहरणबाट मात्रै पनि नेपालका कम्युनिस्टहरूको भाषण एकातर्फ र व्यवहार अर्कोतर्फ प्रस्ट रूपमा देखिने काफी छ ।

सर्वहारा वर्गको नेतृत्व गर्ने, राष्ट्रभक्त र जनताका सच्चा सिद्धान्त बोकेको पार्टी कम्युनिस्ट पार्टी हो भनेर वर्षौंदेखि भन्दै आएको, क्रान्तिका नाममा रगतको खोलो बगाएर र भौतिक संरचना ध्वस्त पारेको घटनासमेत बिर्सिएर विकास र समृद्धिको आशामा जनताले सत्तामा पनि पुऱ्याएकै हुन् । तर नेकपाले दुई तिहाइकै बहुमत ल्याएर पनि आफ्नो इज्जत जोगाउन नसकेको दृष्टान्त छ ।

दुई ठूला कम्युनिस्ट पार्टी मिलेर देशलाई जुरुक्कै उचालेर विकास र समृद्धिको पाटोमा लैजालान् भनेको त देशलाई झनै डुबाउने परिस्थिति सिर्जना भयो । जुन घटना सुन्न, सम्झन र लेख्न पर्दा आफैँलाई समेत लाज लागिरहने अवस्था कायम रहेको छ ।

त्यस घटनाले गर्दा जतिसुकै दुई तिहाइ मत ल्याए पनि सरकार बनाउने र चलाउने भनेको जम्मा आधा कार्यकाल नै रहेछ भन्ने कुरा पनि देखिएको छ । किनकि नेपालको संविधानमा कुनै पनि प्रधानमन्त्रीले एक पटक विश्वासको मत लिएपछि कम्तीमा दुई वर्षसम्म उसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइँदैन भन्ने व्यवस्थाले अब बन्ने सबै प्रधानमन्त्री र सरकारको आयु दुई वर्ष मात्रै हुने हो कि भन्ने आशंका बढेको छ ।

यस्तो अवस्थामा दुई तिहाइ भए पनि, १० वटा पार्टी मिलेर सरकार बनाए पनि आखिर दुई वर्ष नै आयु हो भने अबदेखि किन एउटै पार्टीलाई बहुमत दिनुपऱ्यो र ? चाहना भएजति पार्टी सबै सरकारमा गए पनि त आखिर दुई वर्ष मात्रै हो भन्ने छाप जनतामा परिसकेको छ ।

ऐतिहासिक उपलब्धि हासिल गरेको नेकपाको दुई तिहाइ बहुमतले पनि आखिर पूरा समयावधि सरकार चलाउन पाएन, सकेन वा चलाउन दिइएन, त्यो आफ्नै ठाउँमा छ तर अवस्था त्यस्तै देखापऱ्यो । दुई पार्टी एक बनाएका दुई ठूला महत्वाकांक्षी नेता र आफूलाई सर्वेसर्वा ठान्ने, अलिकति पनि गल्न नचाहने, जहिले पनि जुँगाको लडाइँ लड्ने बानी भएका नेताहरूको बानी सुधार हुन नसक्दा र एकले अर्कोको अस्तित्व स्वीकार गर्न नसक्दा त्यो अवस्था आएको हो भन्न सकिन्छ ।

पार्टी पद्धतिबाट र सामूहिक निर्णयबाट बनेको नेकपा भए पो सबै नेता कार्यकर्ता जिम्मेवार हुनेथिए तर त्यो पार्टी त केवल दुई जना व्यक्तिको एक्लाएक्लै निर्णयले बनेको हुनाले नै दुवै नेताको लडाइँका कारण नेकपा जोगिन सकेको थिएन र सँगसँगै सै तथा प्रदेशका एकल सरकारसमेत ढल्न पुगेका थिए ।

नेकपा यसरी सत्तामा पुगेपछि संसार भर वैधानिक तरिकाले कम्युनिस्ट सरकार नेपालमा बनेको उदाहरण हेर्ने लहर जाग्यो । नेपालको कम्युनिस्ट आन्दोलनका उतारचढाव, विभिन्न कालखण्ड हुँदै परिमार्जित कम्युनिस्ट विचारको प्रयोग र वैधानिक कम्युनिस्ट सरकार साँच्चै अध्ययन गर्नलायक विषयवस्तु बनेका थिए ।

पुँजीवादी व्यवस्थाको होड चलिरहेको अहिलेको अवस्थामा नेपालमा कम्युनिस्ट स्थापित भएको विषयवस्तु सबैका लागि पाच्य हुने कुरै भएन । फलस्वरूप यो सरकार टिकाउन हुँदैन भन्ने पक्षमा विश्वका प्राय: शक्ति केन्द्रहरू नै हाम फालेर नेपालको यो स्थितिको अनुसन्धान गर्ने, छिद्रहरू खोज्ने, कमी कमजोरी पत्ता लगाई असफल बनाउने, भए नभएका कृत्रिम परिवेश सिर्जना गरी आतंक फैलाउने, कुनै नेतागणलाई फकाउने, लोभ देखाउने र भए नभएका षड्यन्त्र गर्न कम्मर कसेर लाग्न थाले । यिनै कारणले देशभित्र र बाहिरका दृश्य-अदृश्य तत्वहरूको चङ्गुलमा ओली सरकार पर्न गएको हो कि भनी आशंकासमेत गर्ने गरिन्छ ।

सरसर्ती हेर्दा बाहिरी परिवेश, प्रतिपक्षी लगायत अन्य दलको सरकारलाई अवरोध नदेखिए पनि भित्री पाटो र हामीले स्वीकार गर्नुपर्ने भनेको आफ्नै दलको आन्तरिक किचलोका कारण यस्तो भएको सहजै बुझ्न सकिन्छ । जहिले पनि विदेशी हस्तक्षेपका कारण देखाउँदै कोही पनि पन्छिनु हुँदैन । वि.सं. २०७४ को चुनावमा अन्य सबै खालका दललाई परास्त गरी वैधानिक बाटो वा चुनावबाटै कम्युनिस्टको सत्ता चलाउनुपर्ने कुरामा दुई ठूला कम्युनिस्ट पार्टी एकताबद्ध भई चुनाव लडेर दुई तिहाइ बहुमत ल्याई कम्युनिस्टको सर कार समेत सञ्चालन गर्न पुगेका हुन् । त्यसपछि ओलीको दम्भ र शासनशैलीका कारण यस्तो अवस्था आयो कि महत्त्वाकांक्षी र चतुर खेलाडी रहेको नेकपामा भाँडभैलो सुरु हुनथाल्यो । नेकपाका चर्चित भनिएका कम्युनिस्टहरूको अहंकारले गर्दा संविधानमै उल्लेख नभएको अधिकारको प्रयोग गरी ओलीले दुई दुई पटकसम्म संसद् नै विघटन गरिदिए र त्यसपछि त औपचारिक रूपमै चरम उत्कर्षको विवाद उत्पन्न भएपछि दोस्रो पटकको सर्वोच्च अदालतको फैसलाले सरकार र पार्टीको एकीकरणसमेत बदर गरिदियो र सबै संरचना भताभुङ्ग भयो ।

यसरी नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा नेकपा एकीकरण भई दुई तिहाइको बहुमतबाट बनेको सरकार गठन हुनु एक नयाँ किसिमको प्रयोग थियो । जनताले यसरी भारी मत दिएर सत्तामा पुऱ्याउँदा पनि आखिर नेपालका कम्युनिस्टवादी दलहरूलाई घिउ पचेन र उफ्रिएर सफलताको शिखर चुम्न सकेनन् । बरु कुवाको कुवामै रहन पुगे । यसरी नेपालको समग्र कम्युनिस्ट आन्दोलन, कम्युनिस्ट सरकार र कम्युनिस्ट पार्टीको पतन भएको घटनालाई नेपालको इतिहासमा एक कलंकका रूपमा लेखिने नै छ ।

### विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट

यसै पनि विश्वमा कम्युनिस्ट शासन र पद्धति लोप हुँदै गइरहेको अवस्था देखिएको छ । पुराना मार्क्सवाद, लेनिनवाद, माओवादजस्ता सिद्धान्त तत्कालीन अवस्थाका लागि राम्रो सिद्धान्त भए पनि अहिलेसम्म उही पुरानो सिद्धान्त बोकेर हिँड्नाले र ती सिद्धान्त समय सापेक्ष रूपमा परिमार्जन गर्नु त कता कता त्यसमा भएका कमा र ह्रस्व दीर्घसमेत परिवर्तन गर्नु हुँदैन भन्ने चिन्तन भएका कम्युनिस्टहरूका कारण विश्वमै कम्युनिस्ट पतन हुँदै गइरहेको यथार्थ हो ।

यसैबीच नेपालमा मदन भण्डारीजस्ता दुरदर्शी नेताको जन्म भयो, जसले कम्युनिस्ट पार्टीमा नयाँ विचार जनताको बहुदलीय जनवाद प्रकाशमा ल्याए । पुराना विचार र सिद्धान्त मान्ने कम्युनिस्टहरूलाई पनि यो विचार समय सापेक्ष ठिकै लाग्दै गयो र अहिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपालका प्राय: कम्युनिस्टहरूले यही विचार अनुसरण गरिरहेको पाइन्छ ।

कम्युनिस्ट पार्टी भन्नेबित्तिकै बन्दुकको शक्तिको आडमा परम्परावादी राज्यसत्ताको हस्तक्षेप गरी जनताको जनवादी सिद्धान्त अनुरूप शासन सत्ता सञ्चालन गर्ने पार्टी हो भन्ने बुझिन्छ । यसैका प्रयोगहरू नेपालमा पटक पटक भइसकेका छन् । झापा विद्रोहदेखि माओवादीको जनयुद्ध र मधेसका भूमिगत सशस्त्र समूहसम्म आइपुग्दा नेपालमा हरेक खालका प्रयोगहरू भए । ती सबै प्रयोगले कुनै समयमा काम लाग्ने खालका परिणाम देखाए भने कुनै समयमा असाध्यै अफाप पनि भए ।

जे होस् जनताको बहुदलीय जनवादको विचारमा टेकेर हिँडिरहेको तत्कालीन एमालेले पुराना कम्युनिस्ट सिद्धान्तलाई समय सापेक्ष परिवर्तन गर्दै लैजानुपर्ने मान्यतालाई अघि सार्नु र पुँजीवादी कम्युनिस्टतर्फ अघि बढ्नु नै नेपाली माटोमा कम्युनिस्टप्रति जनताको आकर्षण हो । यही कारणले नै कम्युनिस्टहरू संसारबाट लोप भइरहँदा नेपालमा भने झन् उर्वर बन्दै गए । परिणाम तत्कालीन माओवादीको सशस्त्र सैर्षबाट सत्ता कब्जा गर्ने रणनीति पनि फेल भयो र बाध्य भएर माओवादीहरू पनि नेपालको शान्ति प्रक्रियाको मूल धारमा समाहित भएका थिए ।

### ओली अस्त्रले लथालिङ्ग भएको कम्युनिस्ट आन्दोलन र हालको अवस्था

नेकपाभित्र जलिरहेको भुसको आगो, नेकपाभित्रका महत्वाकांक्षी कम्युनिस्ट नेता, ओलीको राजसी शैली र पेलाहा प्रवृत्तिजस्ता कारणले तत्कालीन ओली सरकार धरापमा परेको थियो र आफू धरापमा परेको महसुस् गरी कदापि चाल्नै नहुने कदमका रूपमा ओली अस्त्र संसद् विघटनका पक्षमा जान पुग्यो । जुन कदम निकै अलोकप्रिय थियो र त्यसले समग्र संविधान माथि नै धावा बोल्ने काम गरेको थियो । सर्वोच्च अदालतले यस कार्यलाई अवैधानिक घोषणा गरी बदर गर्दा हाल देश नै अर्को अन्योलपूर्ण राजनीतिक माहोलमा गएको अवस्था कायम छ ।

कम्युनिस्ट नेताहरूको दादागिरी र स्वेच्छाचारिताले गर्दा कम्युनिस्ट पार्टीलाई त डुबायो नै, यसका कारण अप्रत्यक्ष रूपमा देशलाई नै अघि बढ्नबाट अवरोध खडा भइरहेको कुरा नेपालका कम्युनिस्टले किन बुझ्न सकेनन् । सदियौंदेखिको नेपालको संसदीय अभ्यासमा हालसम्म सबैको ध्यान प्रधानमन्त्री को बन्ने र सरकार कसले चलाउने भन्नेमा मात्रै केन्द्रित रहेको पाइन्छ । यो अवस्था अबका केही वर्षसम्म पुनरावृत्ति हुनेगरी छर्लङ्ग देखिँदैछ ।

*बाँकी पृष्ठ-३ मा...*

# मोबाइलका लाइसेन्स झोलामा, सेवाग्राही विकल्पविहीन




काठमाडौं/३ माघ यता नेपाल टेलिकमको सेवामा समस्यै-समस्या छ । फोन नलाग्ने, लागे पनि नेटवर्क कमजोर भएर कुरा नबुझिने वा बीचमै काटिने समस्या धेरै छ । तर, उपभोक्तासँग सुलभ र विश्वसनीय मोबाइल सेवाको विकल्प सीमित छ ।

नेपाल टेलिकम र एनसेल बाहेक स्मार्ट टेलिकम आंशिक सेवामा मात्रै छ । अन्य कम्पनी कागजमा त छन्, सेवामा छैनन् । सरकारको अपारदर्शी शैली र स्वार्थ समूहहरुले लाइसेन्स र फ्रिक्वेन्सीमा गरेको चलखेलका कारणले उपभोक्ताले सस्तो, राम्रो र सजिलो सेवाको पर्याप्त विकल्प भेटेका छैनन् ।

कतिपय ठाउँमा फोनको नेटवर्क नै नटिप्ने समस्या छ भने डेटा सेवा यति महँगो र गुणस्तर हीन छ कि उपभोक्ताहरु हैरान मात्रै छन् । सेवा प्रदायकहरु सेवा सुधारको योजना बनाउनभन्दा आय बढाउनेमा बढी केन्द्रित छन् ।

सेवामा नरहेका कम्पनी त झन् लाइसेन्स जोगाउनेबाहेक कुनै काम गर्ने पक्षमा देखिएका छैनन् । कागजमा सीमित यी कम्पनीहरु सरकारलाई राजस्व तिर्न समेत चाहिरहेका छैनन् । कतिको योजना लाइसेन्सको मोलमोलाइ टुंग्याएर अरुलाई बेच्ने योजना छ भने कति कम्पनी सीमित क्षेत्रमा मात्रै सेवा दिन पाएको लाइसेन्सका भरमा देशभर नै सेवा दिने ठूलो लाइसेन्सको खोजिरहेका छन् ।

खारेज भइसकेका कम्पनी कहिले अदालतबाट त कहिले मन्त्रिपरिषदबाट जोगिइरहेका छन् । तोकिएका शर्त पुरा नगरी लाइसेन्स दिन खोज्नेदेखि फ्रिक्वेन्सी ओगटेर अरु कम्पनीलाई सेवामा आउन निषेध गर्नेसम्मका काम भइरहेको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयदेखि नेपाल दूरसञ्चार प्राधिकरणसम्म यस्ता विषयमा जिम्मेवार ढंगले प्रस्तुत भएका छैनन् । संसदीय समितिहरुमा हुने छलफल टेलिकमको सेवामा भन्दा बढी राजस्वमा आधारित हुन्छन् । यस्तो अवस्थामा मोबाइलका उपभोक्ताहरु भएका कम्पनीहरुको सीमित प्रतिस्पर्धाबीच उपलब्ध औसत सेवाहरुमै चित्त बुझाउन बाध्य छन् ।

**यूटीएल र स्मार्टको आनाकानी**

सोमबार मात्रै आधारभूत टेलिफोन सेवाप्रदायक कम्पनी युनाइटेड टेलिकम लिमिडेट (यूटीएल)लाई नियामक निकाय नेपाल दूरसञ्चार प्राधिकरणले पुस मसान्तसम्मको बक्यौता पाँच अर्ब ३० करोड ९४ लाख ५० हजार रुपैयाँ माघ मसान्तसम्म बुझाउन ताकेता गर्दै अत्यन्त जरुरी सूचना प्रकाशित गर्‍यो । बक्यौता बुझाएर सक्कल भौचर प्राधिकरणमा दाखिला गर्न भन्दै प्रकाशित सूचना किन आयो भन्नेमा प्राधिकरणभित्रै अलमल छ । कतिपय अधिकारी कम्पनीको बक्यौता राजस्वबारे सार्वजनिक जानकारी दिन मात्र सूचना प्रकाशित भएको हुनसक्ने बताउँछन् ।

२० भदौ २०७३ मा आधारभूत लाइसेन्स पाएको यूटीएलले प्राधिकरणलाई लाइसेन्स नवीकरण दस्तुर, फ्रिक्वेन्सी, रोयल्टी, ग्रामीण दूरसञ्चार विकास कोष शुल्क लगायत राजस्व तिरेको छैन । अनुमतिपत्र खारेजीको प्रक्रिया अघि बढाउँदा अदालतबाट आदेश ल्याएर प्रक्रिया रोकेको यूटीएलले आफ्नो दायित्वहरु तिर्न भने आनाकानी गरिरहेको छ ।

यूटीएलका लगानी कर्ताहरुले सर्वोच्च अदालतबाट आफूअनुकुलको फैसला भएपछि आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र जोगाएर कम्पनी बेच्ने योजना सुनाउने गरेका प्राधिकरण स्रोत बताउँछ । यूटीएलमा राजबहादुर सिंह, डा. उपेन्द्र महतो, जुली महतोलगायतको लगानी छ ।

३१ असार २०७६ मा सर्वोच्च अदालतले खारेजी प्रक्रिया रोक्न आदेश दिएपनि अन्तिम फैसला बाँकी छ । प्राधिकरण पनि आदेशका विरुद्ध अदालत गएको छ । त्यसकारण प्राधिकरणले चाहेर पनि यूटीएलको लाइसेन्स खारेज हुने अवस्था छैन ।

प्राधिकरणलाई स्मार्ट टेलिकम खारेजीको प्रक्रियामा पनि समस्या छ । फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, नवीकरण बापतको किस्ता, ग्रामीण दूरसञ्चार विकास कोष दस्तुर लगायत करिब ७ अर्ब रुपैयाँ राजस्व नतिरेपछि पुस २०७८ बाट स्मार्ट टेलिकम प्रालिको लाइसेन्स खारेज गर्न प्रक्रिया अघि बढाएको थियो ।

स्तरीय सेवा समेत दिन नसकेको स्मार्ट टेलिकमको लाइसेन्स रद्ध गर्न र नगर्न दुबैतर्फबाट प्राधिरकणमाथि दबाब छ । स्मार्ट टेलिकमको खारेजीपछि सेवाको निरन्तरता, ग्राहक व्यवस्थापन तथा बाँकी बक्यौता असुल उपर गर्न के कस्ता प्रक्रिया अपनाउने भन्नेबारे सुझाव लिन प्राधिकरणले गठन गरेको अध्ययन समितिले विद्यमान कानुन र अन्तर्राष्ट्रिय अनुभवका आधारमा निकास निकाल्न सकिने सुझाव दिएको छ ।

खारेज हुने दूरसञ्चार कम्पनीको सम्पत्ति र ग्राहक व्यवस्थापनबारे विशेष कानुनी व्यवस्था नहुँदा स्मार्टको लाइसेन्स खारेज गर्न समस्या परेको प्राधिरकणको भनाइ थियो । अध्ययन समितिले सेवा सञ्चालनको अनुमतिपत्र खारेज भएका कम्पनीको नामबाट सेवालाई निरन्तरता दिन कानुनत: नमिल्ने भएकाले सो कम्पनीको सेवा बन्द गर्नुपर्ने सुझाव दिएको थियो ।

ग्राहक व्यवस्थापन नियामकीय निकाय नेपाल दूरसञ्चार प्राधिरकणले गर्नुपर्ने कानुनी आधार नभएको औंल्याउँदै समितिले सेवा छनोटको अवसर भएकाले ग्राहक आफैंले त्यसको जिम्मेवारी बोक्नुपर्ने बताएको छ । अन्य सेवा प्रदायकको सेवा नपुगेका स्थानमा स्मार्टले सेवा दिइरहेको भए सो ठाउँमा अन्य मोबाइल सेवा प्रदायक कम्पनीलाई नेटवर्क विस्तार गर्न लगाउने काम प्राधिकरणले गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ । त्यसरी नेटवर्क जडान गर्दा प्राधिकरणले आवश्यक सहजीकरण गरिदिनुपर्ने अध्ययन समितिको निष्कर्ष छ ।

कम्पनीहरु खारेज भएपछि सरकार र प्राधिकरणलाई तिर्न बाँकी बक्यौता प्रचलित कानुन बमोजिम कम्पनीको दायित्व ठहर गरेर सम्पत्ति लिलाम गरेर असुल गर्न सकिने समितिले औंल्याएको थियो ।

त्यसका आधारमा सम्पत्ति व्यवस्थापनसहित मुद्दा टुंग्याउन प्राधिकरणले प्राधिकरणभित्रकै अधिकारीहरुको व्यवस्थापन समिति बनाएको छ, तर दस्तुर नतिरिरहेको स्मार्ट टेलिकमको लाइसेन्सबारे ठोस निर्णय हुन सकेको छैन ।

१३ भदौ २०७६ मा पनि प्राधिरकणले स्मार्ट टेलिकमको लाइसेन्स खारेज गर्ने निर्णय गरेको थियो । तर, २१ पुस २०७६ को मन्त्रिपरिष्द बैठकले ५ वटा किस्ताबन्दीमा बक्यौता रकम तिर्ने सुविधा दिनेगरी खारेजीको निर्णय बदर गरेको थियो । सरकारले २०७७ असार मसान्तसम्म बाँकी बक्यौताको पहिलो किस्ता तिर्न र बाँकी ४ किस्ता प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्म तिर्न सुविधा दिएको थियो ।

मन्त्रिपरिषदले फ्रिक्वेन्सी दस्तुरवापत पहिलो पटकमा ५९ करोड ८८ लाख, दोस्रोमा ८३ करोड २३ लाख, तेस्रोमा ७७ करोड ४० लाख, चौथोमा ७१ करोड ५६ लाख र पाँचौं किस्तामा ६५ करोड ७२ लाख रुपैयाँ बुझाउनुपर्ने गरी लाइसेन्स जोगाइ दिएको थियो । त्यसबाहेक लाइसेन्स नवीकरण दस्तुर वापतको करिब डेढ करोड पनि बुझाउनुपर्ने थियो । स्मार्टको आग्रहमा मन्त्रिपरिषदले त्यसपछि २९ भदौ २०७७ मा ६ महिना म्याद पनि थपिदिएको थियो । १ चैत २०७७ र २८ असार २०७८मा पनि थप म्याद दिइएको थियो ।

पुस २०७८ सम्मको बक्यौता तिर्नुको साटो कम्पनीले महामारीको कारण देखाएर थप एक वर्ष म्याद थप्न निवेदन दिएपछि खारेजीका लागि प्राधिकरणले प्रक्रिया अघि बढाएको बताएको थियो । स्मार्टले तोकिएको समयमा बक्यौता सहित लाइसेन्स नवीकरण दस्तुर तिरे लाइसेन्स जोगिने अवस्था छ ।

२० अर्ब रुपैयाँ एकैपटक तिर्न समस्या पर्ने देखिएपछि सरकारले अग्रिम किस्तावन्दीमा तिर्ने सुविधा दिएको थियो । तर, नेपाल टेलिकमले १० वर्षपछि मात्रै नवीकरणबापतको दस्तुर ५ किस्तामा बुझाउने सुविधा पाइरहेकाले स्मार्ट टेलिकम पनि त्यही सुविधाको आस गरेर लाइसेन्स जोगाउन कसरतमा छ ।

जसका कारण प्रक्रियामा प्रवेश गरेर पनि स्मार्टको लाइसेन्सबारे प्राधिकरण निष्कर्षमा पुग्न सकेको छैन । ९०० मेगाहर्ज ब्यान्डमा ३५ मेगाहर्ज ब्यान्डविथमध्ये यूटीएल र स्मार्ट टेलिकमलाई ५-५ मेगाहर्ज ब्यान्डविथ प्रयोगको अनुमति छ । तर, यस्तो ओगटिएका फ्रिक्वेन्सीको सदुपयोग गरेर जनतालाई सेवा दिने गरी नीति र विधि बनाउन सरकार पनि चुकेको छ ।

**हेलो नेपाल लडाइँमा, सीजी पहलमा**

लाइसेन्सको कहानी यति मात्रै छैन । मंसिर २०७८ मा आधारभूत दूरसञ्चार सेवा (मोबाइल) प्रदायकको लाइसेन्स खारेज भएको नेपाल स्याटेलाइट टेलिकम (हेलो नेपाल) पनि प्राधिकरणविरुद्ध कानुनी लडाइँमा छ । २०७८ असारभित्र लाइसेन्सको रोयल्टी बक्यौताको करब ३३ करोड रुपैयाँ किस्ता बुझाउनुपर्ने भए पनि दूरसञ्चार प्राधिकरणको सम्पर्कमै नगएपछि लाइसेन्स खारेज भएको थियो ।

कम्पनीले सञ्चार तथा सुचना प्रविधि मन्त्रालयमा पुनरावेदन गरेपनि मन्त्रालयले प्राधिकरणको निर्णय सही ठह्‍यायो । त्यसलगत्तै कम्पनी लाइसेन्स खोस्ने निर्णयका विरुद्ध अदालतमा पुगेको छ । पश्चिम नेपालका ग्रामीण भेगमा सेवा दिने अनुमति पाएको यो कम्पनी व्यवसायी अजेयराज सुमार्गीको स्वामित्वमा थियो । यसबाट प्राधिकरणले आफ्नो बक्यौता राजस्व अझै असुल्न सकेको छैन ।

लाइसेन्स अनुरुप सेवा नदिने कम्पनीको सूचीमा चौधरी ग्रुपको सीजी टेलिकम्युनिकेसन पनि छ । ८ मंसिर, २०६०मा ग्रामीण दूरसञ्चार सेवा दिने गरी लाइसेन्स पाएको यो कम्पनीले अहिलेसम्म लक्ष्यअनुरुप काम गरेको छैन ।

तर, कम्पनी अहिले पनि देशभर नै मोबाइल सेवा सेवा दिनेगरी आउन तयार छ । हालको लाइसेन्सअनुसार सो क्षेत्रमा सेवा दिएको भए यो कम्पनीले आधारभूत दूरसञ्चार सेवा (मोबाइल)को लाइसेन्स पाइसक्थ्यो ।

१ जेठ २०६९ मा जारी दूरसञ्चार सेवाको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण दस्तुर, आवश्यक योग्यता र शर्तहरूबारेको नेपाल राजपत्रअनुसार कम्पनीले आधारभूत टेलिफोन सेवाको लाइसेन्स पाउन आधारभूत टेलिफोन सेवाको अनुमति लिन प्रचलित कानून बमोजिम तिर्नु र बुझाउनुपर्ने दस्तुर तथा सम्पूर्ण बक्यौता तिरेको हुनुपर्ने र यसअघिका अनुमतिपत्र प्राप्त गर्दा तोकिएको अनिवार्य शर्तहरू पूरा गरेर सेवा सञ्चालन गरेको हुनुपर्छ ।

त्यस्ता सेवा पुर्‍याउन अनिवार्य गरिएका जिल्ला वा साविक गाउँ विकास समितिको प्रत्येक इलाकामा कम्तिमा एउटा बीटीएस टावर स्थापना गरी सो क्षेत्रको माग अनुसार सेवा विस्तार गर्ने पूर्वाधार स्थापना गरेको कम्पनीले मात्रै आधारभूत टेलिफोन सेवाको लाइसेन्स पाउने योग्यता पनि तोकिएको छ ।

यो शर्त पुरा नगर्दै सीजीले मन्त्रिपरिषदको निर्णयबाटै लाइसेन्स लिन खोजेको थियो । १५ जेठ २०७४ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ नेतृत्वको सरकारले सीजीलाई लाइसेन्स दिने निर्णय गरेको थियो । सीजी टेलिकम प्रालिलाई आवश्यक शर्त तोकेर आधारभूत टेलिकम सेवाको अनुमति दिन दूरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय भएको थियो ।

तर, पूर्वशर्त पालना नभएको भन्दै विवाद भएपछि राजपत्रमा निर्णय प्रकाशित नै भएन र सीजी टेलिकमले अहिलेसम्म देशभर मोबाइल सेवा दिने लाइसेन्स पाउन सकेको छैन । फेरि प्रचण्ड प्रधानमन्त्री भएका बेला नै लाइसेन्स पाइने अपेक्षामा कम्पनी देखिएको प्राधिकरणका अधिकारीहरु बताउँछन् ।

**समस्या कहाँ छ ?**

स्मार्ट र यूटीएलले आधारभूत टेलिफोन सेवाको लाइसेन्स र फ्रिक्वेन्सी लिएर पनि राम्ररी सेवा दिएका छैनन् । बजार खुम्चिँदै गएको र दूरसञ्चार कम्पनीले सरकारलाई तिर्नुपर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी, नवीकरण शुल्कलगायत राजस्वदर पनि व्यवहारिक ढंगले पुनरावलकोकन भएको छैन ।

आफैं टिक्न समेत नसक्ने अवस्थामा पनि लाइसेन्स र फ्रिक्वेन्सी जोगाउन र खोस्न कर्पोरट क्षेत्रमा लडाइँ भइरहेकै छ । दूरसञ्चार नीतिहरु व्यक्तिगत तजबिजी र सीमित स्वार्थ समूहको पहलका आधारमा बनिरहेको विज्ञहरु बताउँछन् । त्यसैले लाइसेन्स लिएकाहरुको लगानी पनि डुब्ने र सरकारी राजस्वप समेत नउठ्ने अवस्था आएको एक पूर्वसञ्चार सचिव बताउँछन् ।

‘लाइसेन्स र फ्रिक्वेन्सी बिक्री गर्ने मनासयले ओगटिएका हुन्, कतिपय लाइसेन्स हालका सेवा प्रदायक कम्पनीका लगानीकर्ताहरुले अरु प्रतिस्पर्धी आउन नदिने गरी रोकेको चर्चा पनि सुन्छु,’ उनी भन्छन्, ‘यो सरकारले अनुसन्धान गर्नुपर्ने विषय हो, सबै कुरा दुरुस्त गरेरमात्रै टेलिकमको लाइसेन्सबारे निर्णयहरु हुनुपर्छ ।’ दूरसञ्चार सेवाको बिजनेस मोडल नबनेसम्म यो क्षेत्र बर्वादीतिर जाने उनको भनाइ छ ।

फिक्स्ड इन्टरनेटको प्रयोग बढिरहेका बेला टेलिकम कम्पनीलाई १० वर्षमा २० अर्ब रुपैयाँ लाइसेन्सको नवीकरण शुल्क तिराउने नीति पुनरावलोकन हुनुपर्ने पक्षमा प्राधिकरण आफैं पनि छ । यस्तो महँगो नवीकरण शुल्कले प्रतिस्पर्धा प्रवर्द्धन नहुने प्राधिकरणको भनाइ छ ।

२० अर्ब नवीकरण दस्तुरका कारण पनि कम्पनीहरु समस्या परेको हुनसक्ने भएकाले ५-६ वर्षअघि नै यो नीतिलाई वार्षिक आम्दानीको आधारमा निश्चित प्रतिशत लिने गरी तोक्न सिफारिस गरिएको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेल बताउँछन् । तर, सरकारले यसबारे निर्णय नगर्दा समस्या भएको उनको भनाइ छ ।

लाइसेन्स लिएका सेवा प्रदायक कम्पनी राजस्व तिर्न नआएको भन्दै उनले प्राधिकरणले कानुन अनुसारै सबै काम गर्ने बताए ।

‘खारेजीको निर्णय भएका सेवा प्रदायक कम्पनी पनि विगतमा सरकारले किस्ताबन्दीमा बक्यौता तिर्ने गरी ब्युँताइदिएको थियो,’ प्रवक्ता पौडेल भन्छन्, ‘हामीले कानुनअनुसार गरेको निर्णय पुनरावलोकन भएर फर्किंदा पनि मोबाइल सेवाको लाइसेन्स झोलामा रहने अवस्था भयो ।’

*(स्रोत: अनलाइनखबर)*

# सत्ता गठबन्धन संकटतर्फ



काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने मंगलबार विहान बालुवाटार पुगे । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर आफूलाई उपप्रधानमन्त्री तथा गृहमन्त्री बनाउने वा नबनाउने प्रष्ट हुन खोजे । आइतबार जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट पुन: नागरिकता दिएकै दिन उनले फेरि सरकारमा आउन चाहेको संकेत गरेका थिए ।

माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले मंगलबार पनि मन्त्री नियुक्त गर्ने संकेत गरेनन् । बरु नागरिकता विवादमा ‘सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठ आइनसकेको र राहदानीबारे पनि विवाद रहेकाले कानुनी समस्या के हुन्छ बुझौं, छलफल गरौं’ भनेका छन् ।

प्रधानमन्त्री सकारात्मक नदेखेपछि रास्वपा सभापति रवि, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न बालकोट पुगे । उनले उपप्रधानमन्त्री तथा गृहमन्त्री फर्किने चाहनामा मात्र राखेनन्, त्यसका लागि सहयोग पनि खोजेका छन् ।

उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलसहित सहभागी त्यो भेटमा ओलीले प्रचण्डलाई प्रधानमन्त्री बनाउने बेला पुगेको १६८ सिट सम्झाउँदै त्यही समझदारी अन्तर्गत पदीय भागबन्डा गरेको बताएका थिए । ‘के गर्ने भन्ने कुरा त प्रधानमन्त्रीको हो, तर मलाई त्यही सहमतिको पालना हुनुपर्छ भन्ने लाग्छ,’ ओलीको भनाइ उद्धृत गर्दै बालकोट स्रोतले बतायो ।

रास्वपा नेताहरुका अनुसार, दुबै भेटमा रविले गृह मन्त्रालय नपाए सरकार छाड्ने प्रष्ट संकेत गरेका छन् । ‘सरकार निर्माण गर्दा भएको सहमति अनुसार हामीले गृह मन्त्रालय लिएको हो’ एक पदाधिकारी भन्छन्, ‘त्यो पालना नहुने हो भने राजनीति पुस १० मा फर्किन्छ भन्ने हामीले प्रष्ट पारेका छौं ।’

रास्वपा मात्र होइन, १० पुसमा प्रधानमन्त्री बनाउन साथ दिएका राप्रपाबाहेक सबै दल प्रचण्डसँग असन्तुष्ट छन् । सहमति अनुसार उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय नपाएको भन्दै जनमत पार्टीबाट मन्त्री भएका अब्दुल खानले कार्यभार सम्हाल्न मानेनन् । पछिल्लो पटक प्रधानमन्त्रीको आग्रहमा खानेपानी मन्त्रालयको जिम्मेवारी सम्हालेका छन्, तर जनमत खुसी छैन । जनता समाजवादी पार्टी (जसपा) र नागरिक उन्मुक्ति पार्टी (नाउपा) त सरकारमै गएको छैन ।

प्रधानमन्त्रीसँग गठबन्धनको सबभन्दा ठूलो दल नेकपा एमालेको असन्तुष्टि पनि बढ्दो छ । गठबन्धनमा प्रष्ट बहुमत हुँदाहुँदै प्रचण्ड समर्थन खोज्दै २५ पुसमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको निवास धुम्बाराही पुग्नुलाई नै एमाले नेताहरुले निको मानेका थिएनन् । भोलिपल्ट कांग्रेसले विश्वासको मत दियो भने माओवादी नेताहरुले पनि अब राष्ट्रिय सहमति भन्न थाले । गत शुक्रबार प्रधानमन्त्री प्रचण्डले पार्टीबाट संस्थागत रुपमै राष्ट्रपतिमा ‘राष्ट्रिय सहमति’ खोज्ने निर्णय गराएपछि एमाले नेताहरु निकै सशंकित छन् ।

किनकी प्रचण्डलाई प्रधानमन्त्री बनाउने क्रममै राष्ट्रपति पद एमालेले लिने सहमति भएको थियो । तर सहमति भएको महिना दिन कट्दा नकट्दै माओवादी केन्द्रले सहमति पालना नगर्ने प्रष्ट संकेत दिएको छ । उनीहरुको दाबी छ, सहमति उल्लंघनको सरुवात ओलीले गरेका हुन् । २५ र २६ गते संसदमा ओलीले प्रतिनिधिसभा विघटन सही थियो भन्ने सहमति उल्लंघन हो । गृह मन्त्रालय माओवादीले लिने सहमति भएपनि रास्वपालाई दिलाउन भूमिका खेलेको, उपप्रधानमन्त्रीको वरियता मिचेको आरोप पनि माओवादी नेताहरुको छ ।

त्यसैले अब एमालेलाई राष्ट्रपति दिने सम्भावना टर्दै गएको भन्दै माओवादी केन्द्रका एक पदाधिकारी भन्छन्, ‘ओलीले अघि सारेको व्यक्ति स्वीकार गर्ने सम्भावना देखिन्न ।’ अर्का एक नेताका अनुसार, त्यो अवस्थामा राष्ट्रपति स्वतन्त्र व्यक्तिलाई बनाउने कि सशस्त्र विद्रोहको लिगेसी भएकै व्यक्तिलाई लैजाने भन्ने बहस चलिरहेको छ, तर एमालेलाई नदिने भन्नेमा लगभग एकमत छन् ।

सत्तारुढ दलहरुमा बढ्दो असन्तुष्टि र त्यसलाई नजरअन्जाद गर्दै अघि बढ्को माओवादीको गतिविधिले वर्तमान सत्ता गठबन्धन संकटउन्मुख देखिएको छ । त्यसैले हुनुपर्छ, मंगलबार पार्टी बैठकबाट बाहिरिने क्रममा प्रधानमन्त्री प्रचण्डले भने, ‘हामी सल्लाह गर्दैछौं । यो गठबन्धन नटुटोस् भन्ने मेरो कोशिस छ ।’ माओवादी नेताहरु पनि सरकारले पूर्णता पाइनसक्दै गठबन्धन अप्ठ्यारोमा परेको स्वीकार गर्छन् । किनकी राष्ट्रपति नदिएको अवस्थामा एमालेले सरकार छाड्न सक्छ भन्ने उनीहरुले बुझेका छन् । *(अनलाइखबरबाट)*

# लथालिङ्ग भएको कम्युनिस्ट...

अहिले सम्पन्न चुनावमा कुनै पनि दलको र कुनै पनि गठबन्धनको प्रस्ट बहुमत पुग्न सकेको छैन । तेस्रो स्थानमा रहेको माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई कसले तान्ने भन्ने लडाइँ चलिरहेको अवस्थामा पुन: ओलीले विजय प्राप्त गरी प्रचण्डलाई आफूतिर तान्न सफल भएका र प्रमुख दल एमालेको समर्थनमा प्रचण्ड पुन: प्रधानमन्त्री बनेका छन् ।

विश्वासको मत लिने बेलामा प्रतिपक्षी कांग्रेसले पनि मत दिएपछि अब प्रचण्ड बढी नै शक्तिशाली बनेका र उस्तै परे ओलीसँगको गठबन्धन टुट्ने बरु प्रचण्ड नै ५ वर्ष प्रधानमन्त्री बन्ने हुन् कि भन्ने आशंका देखिन्छ । धरापमा बनेको सरकारको पूरा आयु हुनेमा पनि शंका छ ।

त्यस्तै पुराना दललाई चक्मा दिँदै केही नयाँ दलहरू पनि आफूलाई पहिचान गराउने गरी राष्ट्रिय पार्टीको अस्तित्वमा देखापरेका र सरकारमा समेत सामेल छन् । यी दलहरू पुराना दलका लागि टाउको दुखाइका विषय बन्न सक्छन् ।

तर यी पार्टीको समर्थन नभई कुनै पनि गठबन्धनको सरकार नबन्ने र सरकार बनिहाले पनि बल्लबल्ल संख्या पुग्ने र त्यहाँ कुनै एक दुई जना सांसद खरिद-बिक्री भइहालेमा सरकार ढल्ने परिस्थिति छ । यस्तो परिस्थितिमा बनेका सरकारले विकास र समृद्धि देलान् भन्ने आशा पनि नेपाली जनतालाई छैन ।

अन्त्यमा

जिम्मेवार पार्टी र देश हाँकिसकेका शीर्ष नेताहरूको हविगतका कारण जनतामा नैराश्यता बढेको र बढ्दो भ्रष्टाचारबाट सबै वाक्कदिक्क भइसकेका छन् । यो अवस्था गणतन्त्रवादी भन्नेहरूका लागि, जनताको संविधान बनाएको दाबी गर्नेहरूका लागि, नेपालमा समाजवाद आउनै लागेको दाबी गर्नेहरूका लागि, सुखी र समृद्ध नेपाल बनाउने नारा ल्याउनेहरूका लागि, विकासले फड्को मारी नेपाललाई स्विजरल्यान्ड बनाउने चुनावी मसला बाँड्नेहरूका लागि लाजमर्नु हुनुपर्ने हो । यसले जनताको चाहनामा कुठाराघात मात्रै गर्दैन, भाइ भाइको लडाइँले जग हँसाइसमेत गराएको छ ।

यसका साथै साँच्चै कम्युनिस्ट पार्टीप्रति आस्था राख्ने तमाम कार्यकर्ता र शुभेच्छुकप्रति त यो लाजको विषयसमेत बनेको छ । जे होस्, यो अब इतिहास भइसकेको छ ।

अनेक अड्कल र विवादका बीच अन्त्यमा देशले पुन: कम्युनिस्टकै नयाँ नेतृत्व पनि पाएको छ । अबका पाँच वर्ष देशलाई अन्योलपूर्ण परिस्थितिबाट हटाई विकास निर्माण र समृद्धि दिलाउने कुरामा मात्रै सबैको प्रयास केन्द्रित होस्, सद्बुद्धि पलाओस् र देशका सबै पार्टीहरू नयाँ उमङ्गका साथ आऊन् । सबैलाई शुभकामना ।

(साभार: रातोपाटी)

“तपाईं, हामी सबैको कुरा”
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
साझाकुरा
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# क्यानद्वारा सन्दीप लामिछाने माथिको निलम्बन फुकुवा

पोखरा/नेपाली क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछाने माथिको निलम्बन फुकुवा भएको छ । पोखरामा मंगलबार भएको नेपाल क्रिकेट संघ (क्यान) को केन्द्रीय कार्यसमिति बैठकले निलम्बन फुकुवाको निर्णय गरेको बोर्ड सदस्य विरेन्द्रबहादुर चन्दले जानकारी दिए ।

बलात्कार आरोपमा पक्राउ परेपछि क्यानले लामिछानेलाई निलम्बन गरेको थियो भने उच्च अदालतले उनलाई धरौटीमा छाड्ने निर्णय गरेसँगै निलम्बन फुकुवा गर्ने निर्णय गरेको हो। मंगलबारैमात्र सोही मुद्दामा क्रिकेटर लामिछानेलाई थुनामै राख्नुपर्ने माग राख्दै महान्यायाधीवक्ताको कार्यालयले सर्वोच्चमा निवेदन दिएको थियो । उच्च अदालतको आदेशविरुद्ध मंगलबार सर्वोच्च अदालतमा निवेदन दर्ता गरिएको महन्यायाधिवक्ताको कार्यालयका प्रवक्ता (सह-न्यायाधिवक्ता) सञ्जिवराज रेग्मीले बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# श्रीमद् भागवत वृद्धाश्रमलाई खाद्यान्न सहयोग

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ सामुदायिक रेडियो रेडियो मकवानपुरले आफ्नो वार्षिकोत्सवको साताव्यापी कार्यक्रमअन्तर्गत श्रीमद् भागवत ज्ञान सञ्चार वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेको छ ।

रेडियोले आफ्नो १३ औं वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २५ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत श्रीमद् भागवत ज्ञान सञ्चार वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेको हो ।

हेटौंडा-१७ मा रहेको बृद्धाश्रमलाई मंगलबार बिहान एक कार्यक्रमकाबीच चामल, दाल, तेल, साबुन लगायतका सामग्री सहयोग गरिएको छ । रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा अध्यक्ष बिष्णुबहादुर दाहालको प्रमुख आतिथ्यता रहेको थियो । उक्त अवसरमा वडा अध्यक्ष दाहालले बृद्धाश्रमलाई २० हजार रुपैयाँ बराबरको खाद्यान्न तथा लत्ताकपडा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

रेडियोले बार्षिकोत्सवमा सप्ताहव्यापी कार्यक्रम गरेर समाजमा योगदान पुऱ्याएको भन्दै उनले प्रशंसा गरे । रेडियोका अध्यक्ष पराजुलीले सामुदायिक रेडियोको कर्तव्य पूरा गर्न लागिपरेको बताए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १७ नम्बर वडा सदस्य एवम् बृद्धाश्रमका सचिव नवराज न्यौपाने, रेडियो मकवानपुरका प्रबन्ध निर्देशक आशिष दुलाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा सदस्य विजय पौडेल, बृद्धाश्रमका अध्यक्ष लक्ष्मण कटुवाल, आबाल ब्रम्हचारी नारायण स्वामी, दिव्यतारा बहुउद्देश्यीय सहकारीका कार्यसमिति सदस्य बालगोपाल कंडेल, लगायतको आतिथ्यता रहेको थियो ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत बुधबार रेडियोकै प्राङ्गणमा रक्तदान, १९ गते बाल अधिकार विषयमा विद्यालयस्तरीय कविता प्रतियोगिता, २० र २१ गते रेडियो मकवानपुर कप मिडियास्तरीय फुट्सल प्रतियोगिता, २१ गते शनिबार मनहरी गाउँपालिका ४ मा नि:शुल्क स्वास्थ्य शिविर र २२ गते बार्षिकोत्सव समापन, सामुदायिक सम्मान तथा पुरस्कार वितरण कार्यक्रम हुनेछ ।

कविता प्रतियोगिताको विजेता विद्यार्थीले क्रमश : नगद १० हजार, ७ हजार र ५ हजार सहित प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै रेडियो मकवानपुर कप फुट्सलको विजेता र उपविजेतालाई नगदसहित पुरस्कारको व्यवस्था रहेको बताइएको छ । रेडियोले बार्षिकोत्सवको अवसरमा समाजमा योगदान पुऱ्याएका दुईजनालाई जनही नगद १० हजार सहित सामुदायिक सम्मान प्रदान गर्नेछ ।

# धर्मबाट मात्रै विकास सम्भव: राज्यमन्त्री सिंह

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/उर्जा, जलश्रोत तथा सिचाई राज्य मन्त्री दीपक बहादुर सिंहले धर्मबाट मात्र विकास सम्भव रहेको बताएका छन् ।

हेटौडा-१७ गैरीगाउँमा रहेको श्रीमदभागवत ज्ञानसञ्चार वृद्धाश्रमको १४ औं वार्षिक साधारण सभालाई सम्वोधन गर्दै मन्त्री सिंहले यस्तो बताएका हुन् । उनले आफूले निर्वाचनको समयमा यहि वृद्धाश्रममा आएर आशिर्वाद मागेको र त्यो आशिर्वादकै कारण आफू निर्वाचित भएको बताए ।

आफू सदैव मकवानपुरे जनताको साथमा रहने उल्लेख गर्दै वहाँले अव मकवानपुरको समग्र विकासमा आफू सर्मपित हुने उल्लेख गरे । मन्त्री सिंहले हिन्दु राष्ट्रको पक्षमा आफ्नो पार्टी सदैव लागिरहने र यसैको माध्यमबाट मात्रै सिङ्गो देशको हित हुने दावी गरे ।

मकवानपुरे फाँटमा सिंचाईको व्यवस्था गरि उत्पादन बढाउन आफूले भूमिका निर्वाह गर्ने मन्त्री सिंहको भनाई थियो । साधारण सभामा संस्थाका अध्यक्ष लक्ष्मण कटुवालले संस्थागत प्रतिवेदन प्रस्तुत गर्दै वृद्धाश्रमको समग्र विकासको लागि ५ करोड ४० लाखको योजना प्रस्तुत गरेका थिए ।

कार्यक्रममा लेखा संयोजक टिकाराम न्यौपानेले आर्थिक प्रतिवेदन पेश गरेका थिए । भेलामा बागमती प्रदेशका सांसद प्रेमबहादुर पुलामी, हेटौडा-१७ का वडा अध्यक्ष उद्धव सत्याल, वडा सदस्य लेखकुमारी तिमल्सिना, नेपाल पत्रकार महासंघ, बागमती प्रदेशका उपाध्यक्ष रुपेश दुलाल, जिल्ला दुग्ध उत्पादक सहकारी संघका उपाध्यक्ष अर्जुन प्रसाद देवकोटा, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, जनकल्याण सहकारीका अध्यक्ष हिमाल पौडेल, श्रीनिवास लक्ष्मीनारायण मन्दिरका अध्यक्ष जनार्दन पौडेल, वृद्धाश्रमका सचिव नवराज न्यौपाने, रंगनाथ दाहाल लगायतको सहभागिता थियो ।

# हेटौंडामा शैक्षिक मेला हुने

साझाकुरा संवाददाता




हेटौंडा/हेटौंडामा शैक्षिक मेला तथा सांस्कृति कार्यक्रम-२०७९ हुने भएको छ ।

हेटौंडा-४ वडा कार्यालयको आयोजनामा शैक्षिक मेला तथा सांस्कृति कार्यक्रम-२०७९ हुने भएको हो । सामुदायिक तथा संस्थागत विद्यालयवीच प्रतिस्पर्धा, शैक्षिक अध्ययन तथा गुणस्तर सुधार एवम् विद्यार्थीको सिर्जनशील प्रतिभाको उजागर गर्ने उद्देश्यले शैक्षिक मेला हुन लागेको वडा कार्यालयले जनाएको छ ।

४ नम्वरका वडाध्यक्ष नविन सिग्देलको अनुसार मेलामा वडाभरका विद्यालय, हेटौंडा क्याम्पस र म्यानेजमेन्टको स्टल रहेनछ । वडाभित्रका प्रत्येक विद्यालयबाट बढीमा १० जनाको समूहले निर्माण गरेको विज्ञान, गणित तथा सामाजिक विषयसँग सम्बन्धित सामग्रीको स्टलमा प्रदर्शनीमा राखिनेछ । मेलामा प्रतियोगितात्मक सामूहिक नृत्य र एकल गायन समेत रहेको सिग्देलले जानकारी दिए ।

वडा अध्यक्ष सिग्देलका अनुसार प्रत्येक विधामा उत्कृष्ट विद्यार्थी तथा शिक्षकलाई पुरस्कृत गरिनेछ । वडाध्यक्षका अनुसार मेलाको करिब दशहजार विद्यार्थी तथा अभिभावकले अवलोकन गर्नेछन् । शैक्षिक गुणस्तर सुधार समिति श्रीराम दहालले एक विद्यालयको राम्रो अभ्यास र अनुभवबाट अर्को विद्यालयल सिकाई गरी शैक्षिक सुधार हुने अपेक्षाका साथ शैक्षिक मेला आयोजना गर्न लागिएको हो । यस कार्यक्रमको सम्पूर्ण खर्च वडा कार्यालयले व्यहोर्नेछ ।

# अवैध अफिम र गाँजा खेती फडानी

साझाकुरा संवाददाता



हेटौंडा/मकवानपुर प्रहरीले जिल्लाको विभिन्न स्थानमा लगाइएको अवैध अफिम र गाँजा खेति फडानी गरेको छ ।

नेपाल प्रहरी र शसस्त्र प्रहरीले जिल्लाको विकट राक्सीराङ गाउँपालिका र कैलाश गाउँपालिकामा अवैध रुपमा लगाइएको अफिम र गाँजा खेती फडानी गरेको हो । प्रहरीले तीन दिनमा १ सय ३० बिगाह अफिम र २८ बिगाह १० का गाँजा खेती फडानी गरेको जनाएको छ ।

प्रहरी निरीक्षक सुमन बानियाँको कमाण्डमा खटिएको प्रहरीले माघ १४ गते राक्सीराङ गाउँपालिका वडा नम्बर ७ मा २० बिगाह अफिम र १ बिगाह गाँजा फडानी गरेको छ । माघ १५ गते राक्सिराङ गाउँपालिका वडा नम्बर ६ र ७ मा ४१ बिगाह अफिम, २१ बिगाह गाँजा फडानी गरेको उल्लेख गरेको छ । त्यसैगरी, सोमबार राक्सिराङ गाउँपालिका-७ मा १४ बिगाह अफिम र ६ बिगाह १० कट्ठा गाँजा खेती फडानी गरिएको छ । प्रहरी निरीक्षक बलराम श्रेष्ठको कमाण्डको टोलीले माघ १४ गते कैलाश गाउँपालिका ७ मा १५ बिगाह अफिम फडानी गरेको छ । यस्तै, माघ १५ गते कैलाश गाउँपालिका वडा नम्बर ७ र ८ मा २० बिगाह अफिम खेति फडानी गरेको उल्लेख गरेको छ । त्यसैगरी, सोमबार राक्सिराङ गाउँपालिका ४ मा २० विगाह अफिम फडानी गरेको छ ।

# बागमतीका किसानलाई दूधमा प्रतिलिटर ५ रूपैयाँ अनुदान दिईने

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ बागमती प्रदेश सरकारले सहकारीमार्फत दुध बिक्री गर्ने किसानलाई एक लिटरमा ५ रुपैयाँ अनुदान दिने भएको छ ।

त्यसका लागि दुग्ध उत्पादक कृषि सहकारी संस्थाहरुबाट आवेदन संकलन गरी अध्ययन गरिरहेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाका निमित्त निर्देशक डा.बज्रकिशोर ठाकुरले बताए ।

'हामीले अनुदान कार्यक्रममा सहभागी हुन सूचना निकालेका थियौं । यही सूचनाको आधारमा जिल्ला जिल्लामा दुग्ध उत्पादक कृषि सहकारीबाट आवेदनहरु संकलन भएका छन्', उनले भने । ३ वटा जिल्लाको आवेदन प्राप्त हुन बाँकी भएको भन्दै उनले त्यसको समेत अध्ययन गरेर फागुन मसान्त भित्रमा सबै सहकारीलाई अनुदान रकम प्रदान गर्ने जानकारी दिए ।

बागमतीको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दुधमा अनुदान दिन यो बर्ष ३० करोड रुपैयाँ बजेट छुट्याएको छ । सरकारले अनुदान रकम सहकार ीलाई दिने र सहकारीले किसानलाई दिनेछ । मासिक १ हजार ५ सय लिटर दुध संकलन गर्ने र वार्षिक कम्तिमा २ सय दिन दूधको कारोबार गर्ने दुग्ध उत्पादन सहकार ी मात्र अनुदान कार्यक्रममा सहभागी हुन पाउँछन् ।

बागमती सरकारले लिटरमा ५ रुपैयाँ अनुदान दिन लागेको यसै वर्षदेखि हो । गत आर्थिक वर्षमा २६० वटा दुग्ध उत्पादक सहकारीमार्फत किसानलाई १६ करोड रुपैयाँ अनुदान वितरण गरेको थियो । गत वर्ष किसानले प्रतिलिटर १ रुपैंया ६४ पैसा अनुदान पाएका थिए ।

बागमती सरकारले २०७६ सालदेखि दुधमा नगद अनुदान दिँदै आएको छ ।

# १५ किलो लागुऔषध गाँजा फेला

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका-१० स्थित ठूलो बसपार्कमा बेवारिसे अवस्थामा १५ किलो लागुऔषध गाँजा फेला परेको छ ।

प्रहरीले बसपार्कको पुरानो नारायणी काउण्टरको बाहिर प्यासेजमा बेवारिसे अवस्थामा २ वटा जेब्रा झोलामा उक्त गाँजा फेला पारेको हो ।

झोला भित्र तीन वटा पोकामा रहेको १५ किलो गाँजालाई जिल्ला प्रहरी कार्यालयमा ल्याइएको र गाँजा राख्नेको खोजी कार्यको साथै अनुसन्धान भइरहको प्रहरीले जनाएको छ ।

## गोरक्षनाथ माविको ४ कोठे भवनको शिलन्यास



साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/ हेटौंडा-१८ फुर्केचौरमा रहेको गोरक्षनाथ माविको ४ कोठे भवनको शिलन्यास गरिएको छ ।

मंगलबार हेटौंडा उपमहानगरपालिकाकी मेयर मिना कुमारी लामाले विद्यालय भवनको शिलन्यास गरेकी हुन् । कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शैलेन्द्र राज बानियाँको सभाध्यक्षता तथा मेयर लामाको प्रमुख आतिथ्यतामा भएको थियो ।

विद्यालयको भवन निर्माणको लागि संघीय सरकारबाट ३६ लाख रुपैयाँ, हेटौंडा उपमहानगर पालिकाको २० लाख रुपैयाँ र विद्यालयको ७ लाख रुपैयाँ गरी ६३ लाख रुपैयाँ बराबरको रकम रहेको प्रधानाध्यापक होम बहादुर नेपालीले जानकारी दिए ।

कार्यक्रममा हेटौंडा उपमहा नगरपालिकाका प्रवक्ता तथा हेटौडा वडा नम्बर १ का अध्यक्ष सविन न्यौपाने, विद्यालयका शिक्षक, अभिभावकहरुको उपस्थिति रहेको थियो ।

## मिसावट गरिएको पोटाससहित एक जना पक्राउ

वीरगञ्ज/प्रहरीले सर्लाहीबाट मिसावट गरिएको पोटास सहित एक जनालाई पक्राउ गरेको छ । सर्लाहीको गोडैता नगर पालिका- ७ बस्ने ५५ वर्षीय मोहन दासलाई पक्राउ गरेको हो ।

मोहन, गोडैता नगर पालिका- ७ स्थित महालक्ष्मी कृषि सहकारी संस्था र वडा नं ८ मा रहेको दास बिज भण्डारका सञ्चालक हुन् । माघ १६ गते अपरान्ह ४ बजे उनले पसलमा नुनमा विरला अक्साइड सिमेन्ट कलर नामको केमिकल मिसावट गरी बोरामा प्याक गरेर पोटास बिक्री गरिरहेको भन्ने सूचना प्रहरीले पाएको थियो । त्यसकै आधारमा प्रहरी टोली पसलमा पुगेर बोराहरु खोलेर हेर्दा पारस सर्वोत्तम खादका बोराहरुमा नुनमा विरला अक्साइड सिमेन्ट कलर मिलाएर प्याक गरेको फेला परेको थियो ।

प्रहरीले महालक्ष्मी कृषि सहकारी संस्थाबाट पारस सर्वोत्तम खाद इन्डोरामा इन्डिया प्रालि लेखिएको ५० किलो दरका ३१ वटा बोरा, खोलिएको अवस्थामा रहेको २५ किलोको एउटा बोरा, आईपीएल डिएपी इन्डियन पोटास लिमिटेड लेखिएको ५० किलो खाद भएको २० बोरा, साल्ट लेखिएको नुन भएको ५० किलो दरका १ सय ३ बोरा, विरला अक्साईड सिमेन्ट कलर लेखिएको खाली प्याकेट ४ वटा र आधा भरिएको प्याकेट २ वटा र बोरा सिलाउने मेसिन १ थान बरामद गरेको छ ।

त्यसैगरि दास बिज भण्डारबाट पारस सर्वोत्तम खाद इन्डोरामा इन्डिया प्रालि लेखिएको ५० किलो दरका १० वटा बोरा बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले जानकारी दिए ।


## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८२१८५३११४**

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्धारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्धारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्धारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्धारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर

## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं।
- आफुले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा
**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना